नेपाल राष्ट्र बैंकबाट "भुक्तानी प्रणाली सञ्चालक" को कार्य गर्न अनुमति प्राप्त संस्था

NEPS NEPAL ELECTRONIC PAYMENT SYSTEMS LTD.

# कार्यालय भवन भाडामा लिने सम्वन्धी सुचना

**प्रकाशित मिति २०७७/११/१४**

बैंक तथा वित्तिय संस्थाद्धारा प्रवद्धित यस कम्पनिको लागि गैरिधारा ,बालुवाटार, महाराजगंज, लाजिम्पाट, नक्साल र ज्ञानेश्वर आसपासका स्थानहरुमा व्यवसायिक भवन भाडामा चाहिएकोले आफ्नो स्वमित्वमा रहेको व्यवसायिक भवन भाडामा दिन इच्छुक व्यक्ति र संघ संस्थाहरुबाट प्रथम पटक सुचना प्रकाशित भएको मितिले २१ दिन भित्र आफुले दिन चाहेको भवनको तपशिलका विवरण उल्लेख गरि सम्बन्धित तपशिलका शर्तहरु सहितको सम्पूर्ण कागजात संलग्न गरि शिलबन्दी निवेदन/प्रस्ताव पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

**शिलबन्दी प्रस्तावमा खुलाउनुपर्ने विवरणहरु र संलग्न गनुपर्ने कागजातहरु :**

१. भवन निर्मित जग्गाको जग्गाधनी प्रमाणपत्र पुर्जाको प्रतिलिपि ।
२. भाडामा दिन चाहेको भवन रहेको स्थानको पुर्ण विवरण, भवन स्वीकृत नक्शा, भवन सम्पन्न भएको प्रमाणपत्र र फोटो
३. घरधनी र सम्पर्क व्यक्तिको नाम, ठेगाना तथा सम्पर्क टेलिफोन नम्वर ।
४. प्रस्तावित भवनको मासिक भाडा रकम कर सहित साथै अन्य मासिक व्यवस्थापन शुल्क ।
५. प्रस्तावित भवन हस्तान्तरण गर्न सकिने अन्तिम मिति ।
६. यदि प्रस्तावित भवन फर्म वा कम्पनीको नाममा दर्ता कायम रहेको भएमा निम्न लिखित कागजातहरु अनिबार्य रुपमा संलग्न गनुपर्नेछ :
   - फर्म/कम्पनीको दर्ता प्रमाणपत्रको प्रतिलिपि
   - आयकर दर्ता प्रमाणपत्रको प्रतिलिपि तथा पछिल्लो आर्थिक बर्षको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि
७. यदि प्रस्तावित भवन भाडामा लिइएको जग्गामा निर्मित भएमा जग्गाधनी र भवन निमार्ण गर्ने व्यक्ति/फर्म/कम्पनीको बिचमा भएको सम्झौताको प्रतिलिपि ।

**शर्तहरु :**

१. का.म.न.पा. को स्वीकृत मापदण्ड अनुसार निर्माण सम्पन्नताको इजाजत प्राप्त हुनुपर्नेछ ।
२. प्रस्तावित भवनको एउटै तल्लामा ३५०० देखि ४५०० वर्ग फिटको हुनुपर्नेछ । साथै सबैभन्दा माथिल्लो तल्लालाई ग्राह्यता दिइनेछ ।
३. प्रस्तावित भवनमा पानी , ढल, ३ फेज विजुली, पर्याप्त पार्किङ तथा लिफ्टको सुविधा हुनुपर्नेछ ।
४. प्रस्तावित भवन भुकम्प प्रतिरोधात्मक पक्की भवन हुनुपर्नेछ ।
५. जेनेरेटर राख्ने स्थान अनिबार्य रुपमा उपलब्ध गराउनु पर्नेछ ।
६. आपतकालीन इर्मजेन्सी निकासको व्यवस्था हुनुपर्नेछ ।
७. प्रस्तावित भवन कार्यालय संचालनार्थ घटीमा १० वर्षको लागी बहालमा उपलब्ध गराउनु पर्नेछ ।
८. भवन भाडामा दिन इच्छुक व्यक्ति वा संस्थाले मिति २०७७/१२/५ गते ५:०० बजेसम्म (सो दिन विदा परेमा सो लगत्तै कार्यालय खुलेको दिन) यस कम्पनीको भीम प्लाजा, नक्साल स्थित मुख्य कार्यालयमा शिलबन्दी प्रस्ताब बुझाउनुपर्नेछ र उक्त शिलबन्दीमा प्रष्ट रुपमा "कार्यालयको लागि भवन भाडा प्रस्ताव" उल्लेख गरी प्रशासन विभाग, नेपाल इलेक्ट्रोनिक पेमेन्ट सिस्टम्स लिमिटेड, भीम प्लाजा, नक्सालमा बुझाउनु पर्नेछ ।

९. प्राप्त प्रस्तावहरु मिति २०७७/१२/६ गते १:३० बजे यस कार्यालयको परिसरमा खोलिनेछ ।
१०. प्रस्ताव स्वीकृत वा अस्वीकृत गर्ने  सम्पुर्ण  अधिकार यस कम्पनीमा निहित रहनेछ ।
११. कम्पनीबाट कुनै प्रस्ताव स्वीकृत भएमा त्यस्तो स्वीकृत प्रस्तावक वा सम्पर्क व्यक्तिलाई सम्पर्क गरी घरधनीसंग बहाल  सम्झौता गरि प्रस्तावित घर तथा भवन भाडामा लिने छ ।

**नेपाल इलेक्ट्रोनिक पेमेन्ट सिस्टम्स लिमिटेड**
नक्साल, काठमाण्डौ
फोन नं. : ४४११७०१, ४४११७०३, ४४११६८७